माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या ७ राजपत्रमा प्रकाशित मिति : २०७६/०९/२७

**भाग -१**

**माई नगरपालिका**

माई नगरपालिका

## प्राकृतिक श्रोतको उपयोग सम्बन्धी ऐन २०७६

सभाबाट स्वीकृत मिति : २०७६/०९/२७

प्रमाणिकरण मिति: २०७६/०९/२७

प्राकृतिक स्रोतको उपयोग सम्बन्धी ऐन २०७६

सभाबाट स्वीकृत : २०७६/०९/२६

प्रस्तावना:

नगरपालिका क्षेत्रभित्र उपलब्ध प्राकृतिक स्रोतहरु ढुंगा, गिटी, वालुवाको उत्खनन, संकलन, प्रशोधन तथा व्यवस्थापनका लागिआवश्यक कानूनी व्यवस्थागर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा अनुसार नगरपालिकाको पाँचौ नगरसभाबाट यो ऐन बनाइजारी गरिएको छ।

परिच्छेद एक

संक्षिप्त नाम र प्रारम्भ

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम नगरपालिकाको प्राकृतिक स्रोतको उपयोग सम्बन्धी ऐन, २०७६ रहेको छ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "संविधान" भन्नाले नेपालको संविधानलाइ जनाउँछ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाइ जनाउँछ।

(ग) "नगरपालिका" भन्नाले नगरपालिकालाइ सम्झनु पर्दछ र यो शव्दले वडा कार्यालयलाइ समेत जनाउँछ।

(घ) "नगर कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाइ जनाउँछ।

(ङ) "नगर प्रमुख" भन्नाले नगरपालिकाको निर्वाचित प्रमुखलाइ सम्झनु पर्दछ र यो शव्दले कार्यवाहक प्रमुखलाइ समेत जनाउँछ।

(च) "उपप्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुखलाइजनाउँछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारबाट नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकारीको रुपमा कामगर्न नियुक्त गरेको व्यक्तिलाइ जनाउँछ।

(ज) "वडा कार्यालय" भन्नाले नगरपालिकाको वडा कार्यालयलाइ जनाउँछ।

२०७६/०९/२६
दीपक कुमार थैव
नगर प्रमुख

(झ) "प्राकृतिक स्रोत" भन्नाले नदी किनार तथा आवादी जग्गामा समेत उपलव्ध हुने ढुंगा, गिटी, वालुवालाइ जनाउँछ। यसले नगरक्षेत्रभित्र रहेका वन जंगलमा रहेका रुखपात समेत लाइ जनाउँछ।

(ञ) "कार्यालय" भन्नाले संघीय सरकार मातहतका डिभिजन वन कार्यालय तथा अन्य कार्यालयहरुलाइ जनाउँछ।

(ट) "उत्खनन" भन्नाले खानीको रुपमा वा मानिसले घरेलु वा विद्युतीय उपकरण प्रयोग गरी निकाल्ने कामलाइ जनाउँछ।

(ठ) "प्रशोधन" भन्नाले प्राकृतिक स्रोतको अधिकतम उपयोग र व्यवसायिकरणको लागि क्रसरद्वारा गुणस्तरयुक्त बस्तु उत्पादनको कामलाइ जनाउँछ।

(ड) "व्यवस्थापन" भन्नाले उत्खनन संकलन तथा प्रशोधन गरिएको प्राकृतिक स्रोतलाइआन्तरिक तथा वाह्यवजारको व्यवस्थापनलाइ जनाउँछ।

## परिच्छेद दुइ
## उत्खनन तथा संकलनको प्रक्रिया

३. **वातावरणीय परीक्षण गरिने** : नगरपालिका क्षेत्रभित्रको प्राकृतिक स्रोतको रुपमा रहेका ढुंगा, गिटी, वालुवाको उत्खनन, संकलन तथा व्यवस्थापनका लागी प्रारम्भिक वातावरणीय परीक्षण गरिनेछ। प्रारम्भिक वातावरणीय परीक्षण नगरी कुनै प्रकारबाट उत्खनन संकलन, प्रशोधन तथा व्यवस्थापन गर्न पाइने छैन।

४. **परिमाणात्मक बन्देज लगाइने** : प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा दैनिक उत्खनन तथा संकलनको लागि निर्धारित परिमाण भन्दा बढि परिमाणमा उत्खनन संकलनमा वन्देज लगाइनेछ।

कुनै पनि स्थलमा गरिएको उत्खनन तथा संकलनले प्रत्यक्ष रुपमा जनजीवनमा र जमीनको प्राकृतिक अवस्थामा असर परेको देखिएमा जुनसुकै समयमा पनि वन्देज लगाउन सकिनेछ।

५. **स्वीकृति लिनु पर्ने** : प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाइ राष्ट्रपति चुरे संरक्षण तथा विकास समितिबाट स्वीकृति पछिमात्र उत्खनन, संकलन तथा प्रशोधनको लागि प्रक्रिया प्रारम्भ गरिनेछ।

## परिच्छेद तीन

६. **असर पुऱ्याउन नहुने** : खोला किनाराबाट ढुंगा, गिटी, बालुवा उत्खनन, संकलन तथा प्रशोधनको कार्य गर्दा अन्य प्राकृतिक स्रोतहरु, जलचर, थलचर र वन्यजन्तुहरुलाइ असर पर्ने गरी गरिने कुनैपनि कार्य दण्डनीय हुनेछ ।

७. **मेसिनरी औजारको प्रयोग** : खोला किनारा, व्यक्तिगत आवादी जग्गाबाट समेत ढुंगा, गिटी, वालुवाको संकलन, उत्खनन तथा प्रशोधनको कार्यमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले औंल्याए बाहेकका क्षेत्रमा मेसिनरी औजार उपकरणको प्रयोग गर्न पाइने छैन ।

८. **संरक्षणको दायित्व** : खोलाकिनाराबाट प्राकृतिक स्रोतको उत्खनन, संकलन गर्दा खेतीयोग्य जमीन र राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रलाइ असर नपर्ने व्यवस्था गर्नु पर्नेछ । एक क्षेत्रको उपयोग गर्दा अर्को क्षेत्रको संरक्षण गर्ने दायित्व उत्खनन, संकलन तथा प्रशोधन कार्यको अनुमति प्राप्तगर्ने व्यक्ति संस्थाको हुनेछ ।

९. **प्रशोधन प्लान्ट तथा क्रसर उद्योगको स्थापना** : (१)नगरपालिका क्षेत्रभित्रका खोलानाला, खहरे र व्यक्तिगत आवादी जग्गाबाट उत्खनन, संकलन गरिएको ढुंगा, गिटी र बालुवाको गुणस्तरीयताको लागि व्यक्तिगत आवादी नम्बरी जग्गामा प्रशोधन प्लान्ट तथा क्रसर उद्योगको स्थापनाका लागि नगरपालिकाले अनुमति दिन सक्नेछ ।

तर यस्तो प्रशोधन प्लान्ट तथा क्रसर उद्योग स्थापनागर्दा जंगलक्षेत्र, खोला किनारामा गर्न पाइने छैन ।

(२) प्रशोधन प्लान्ट तथा क्रसर उद्योग स्थापनाका शर्त सम्बन्धमा नियमावलीमा व्यवस्था गरिनेछ ।

(३) प्रशोधन प्लान्ट तथा क्रसर उद्योग वस्तीबाट टाढा हुनुपर्नेछ । वायु प्रदूषणलाइ रोक्ने संयन्त्र तथा उपकरण जडान गरिएको प्रशोधन प्लान्ट तथा क्रसर स्थापनालाइ प्रोत्साहित गरिनेछ ।

१०. **निकासी सम्बन्धी व्यवस्था** : प्रशोधन प्लान्ट तथा क्रसर उद्योगबाट उत्पादित सामान निकासीको प्रवन्धगरिनेछ ।

## परिच्छेद चार

## स्वीकृति सम्बन्धी व्यवस्था

११. **पूर्व स्वीकृति सम्बन्धी व्यवस्था** : (१) प्रशोधन प्लान्ट तथा क्रसर उद्योग स्थापनाका लागि यस ऐन वमोजिम पर्न आएका निवेदनहरु प्रक्रिया पूरा भएपछि कार्यपालिकाको बैठकमा पेश गरिने छ ।

(२) कार्यपालिकाले प्रशोधन प्लान्ट तथा क्रसर उद्योग स्थापना गरिने क्षेत्र, यसका मेसिनरी औजार तथा उपकरणहरु, यसले पार्ने असर तथा न्यूनिकरणका उपायहरुका सम्बन्धमा स्थलगत अध्ययन एवं आवश्यकतानुसार विज्ञहरुको परामर्श लिनेछ ।

(३) प्रशोधन प्लान्ट तथा क्रसर उद्योग स्थापनाका लागि वातावरणीय परीक्षण गरी सो को स्वीकृति प्राप्त गरेको हुनुपर्नेछ ।

(४) प्रशोधन प्लान्ट तथा क्रसर उद्योग स्थापना गरिने क्षेत्रका नागरिकहरुलाइ रोजगारीको अवसर उपलब्ध हुनुपर्नेछ ।

१२. **स्वीकृति दिने** : यस ऐनको दफा ११ बमोजिम पूर्व स्वीकृतिका लागि पेश भएका दरखास्तहरु मनासीव देखिए नगर कार्यपालिकाको बैठकले प्रशोधन प्लान्ट तथा क्रसर उद्योग स्थापनाको स्वीकृति प्रदानगर्न नगर कार्यपालिकाको कार्यालयलाइ अख्तियारी प्रदान गर्नेछ ।

## परिच्छेद ५

## विविध

१३. **दण्ड सजाय** : (१) यस ऐन वमोजिम स्वीकृति प्राप्त नगरी प्रशोधन प्लान्ट तथा क्रसर उद्योग स्थापना तथा सञ्चालन गरेमा नगर कार्यपालिकाको कार्यालयले पचास हजार रुपैया सम्म जरिवाना गरी प्रशोधन प्लान्ट तथा क्रसर उद्योग वन्द गर्न आदेश दिनेछ ।

(२) यो आदेशको अवज्ञा गरेमा प्रशोधन प्लान्ट तथा क्रसर उद्योगका संस्थापक तथा सञ्चालकलाइ एकलाख रुपैया जरिवाना हुनेछ ।

१४. **वाझिएको हदसम्म अमान्य हुने** : स्थानीय सरकार सञ्चालन ऐन तथा संघीय ऐनसंग वाझिएको हदसम्म यस ऐनका व्यवस्थाहरु अमान्य एवं वदर योग्य हुनेछन ।

१५ **नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्न आवश्यक नियमहरु कयर्यपालिकाले बनाउन सक्नेछ ।

२०७६/०९/२६ दीपक कुमार थेन
नगर प्रमुख

आज्ञाले ,
नाम : दिनानाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत